सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अंक ४ संवत २०८० साल असोज १ गते https://sarumaranimun.gov.np

## आ.व २०७९।०८० को तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रम




सरुमारानी गाउँपालिकाले आ.व. २०७९/०८० को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८० भाद्र १२ गते सम्पन्न भएको छ । आर्थिक वर्ष २०७९/०८० को तेस्रो चौमासिकमा सम्पादन गरेका कामको प्रभावकारिता तथा नागरिक सन्तुष्टि तथा गुनासो सुनुवाई गर्ने उदेश्यका साथ सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको हो । गाउँपालिकाले प्रत्येक चौमासिकमा गरिएका योजना तथा प्रदान गरिएका सेवाको पारदर्शिता सुनिश्चित गर्नका लागि गाउँपालिकाले प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्दै आइरहेको छ। सरुमारानी गाउँपालिकाका अध्यक्ष झग बहादुर विश्वकर्मा ज्यूको अध्यक्षतामा संचालन गरिएको उक्त कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि, गाउँपालिका भित्र रहेका सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, सामाजिक संघ संस्था, राजनैतिक दलका प्रतिनिधि, पत्रकार, कर्मचारी, बुद्धिजिबि, ब्यापारी, होटल व्यवसायी लगाएत गाउँबासीहरुको उपस्थिति रहेको थियो । सरुमारानी गाउँपालिकाको आयोजना तथा स्काई ल्याण्ड मल्टीमिडिया प्रा.ली.को सहजिकरणमा सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो । कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठकले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो साथै आ.व. २०७९/०८० को तेस्रो चौमासिक प्रतिवेदन प्रशासन शाखा प्रमुख श्री लक्ष्मण आचार्य ज्यूले पेश गर्नुभएको थियो भने सहभागीहरुले गाउँपालिकाको समसामयिक गतिविधि, विकास निर्माण, बजार व्यवस्थापन, सेवा प्रबाह लगायत अन्य विषय बस्तुहरुमा जिज्ञासा, प्रश्न तथा सुझाव राख्नु भएको थियो, साथै गा.पा का अध्यक्ष तथा गा.पा.का प्रमुख प्रशासकिय अधिकृतले उठेका सवाल तथा जिज्ञासाको जवाफ दिनुभएको थियो ।


acer
सार्वजनिक सुनुवाई
मिति: २०८० भाद्र १२ गते
संयोजन
No Signal
HDMI


सार्वजनिक सुनुवाई कार्यक्रम
मिति: २०८० भाद्र १२ गते
संयोजन







## आ.व २०७९।०८० मा सम्पादित स्वास्थ्य कार्यक्रमको पालिका स्तरीय वार्षिक समिक्षा कार्यक्रम




सरुमारानी गाउँपालिका प्युठानको आ.ब.२०७९/८० मा सम्पादित स्वास्थ्य कार्यक्रमको गाउँपालिका स्तरीय वार्षिक समिक्षा कार्यक्रम मिति २०८० भाद्र १३ गते सम्पन्न भएको छ । गाउँपालिका अध्यक्ष श्री झग बहादुर विश्वकर्माज्युको अध्यक्षता, प्रमुख प्रशासकीय अधिकृत देविराम पाठक, लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयका तथ्यांक अधिकृत डोर बहादुर बस्नेत तथा वाटर एड गुणस्तर अधिकृत मनोज नेपाल, स्वास्थ्य कार्यालय प्युठानका ल्याब टेक्निसियन सुपरभाइजर पर्शुराम पोखेल तथा कोल्ड्चेन सुपरभाइजर कोशलराज वैद्य, गाउँपालिका प्रवक्ता चिन्त बहादुर सोमै तथा सामाजिक विकास समिति संयोजक भिम बहादुर मर्साङी, लगायत सम्पूर्ण वडा अध्यक्षज्युहरु, लेखा अधिकृत टोप बहादुर शाही र सबै स्वास्थ्य संस्था प्रमुखको सहभागितामा कार्यक्रम संचालन गरिएको थियो ।उक्त कार्यक्रममा आ.व २०७९।०८० मा भएका स्वास्थ्य कार्यक्रमका सुचकको प्रगतिका आधारमा समिक्षा गरिनुका साथै चालू आ.व. मा स्वास्थ्य क्षेत्रमा थप प्रगति हासिलका लागि सम्पादित गरिने सुचकहरुको आगामी कार्ययोजना सहित सम्पन्न गरिएको थियो ।



# निजामति दिवस, २०८०

‘व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन’ भन्ने नाराका साथ निजामती सेवा दिवस २०८० सरूमारानी गाउँपालिकाले विविध कार्यक्रम गरि मनाएको छ । गाउँ पालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठक ज्यूको अध्यक्षता ,गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा ज्यूको प्रमुख आतिथ्यता ,उपाध्यक्ष श्री बसन्ता खड्का ज्यू ,कार्यपालिका सदस्य, गाउँपालिकाका कर्मचारी ,वडा सचिव ,स्वास्थ्य संस्था का कर्मचारीहरूको उपस्थितिमा कार्यक्रम संचालन गरिएको थियो। साथै उक्त दिवशको अवसरमा गाउँपालिका लगायत वडा कार्यलयहरुमा सरसफाई लगायत हाजिरी जवाफ प्रतियोगिता समेत गरिएको थियो ।











# निशुल्क आँखा स्वास्थ्य जाँच शिविर

प्युठान सरुमारानी गाउँपालिका र तिलगंगा शल्यक्रिया आँखा केन्द्रको आयोजनामा सरुमारानी गाउँपालिका अन्तर्गत सम्पूर्ण वडाको स्वास्थ्य संस्थामा मिति २०८० भदौ २९ गते देखि ३१ गतेसम्म निःशुल्क आँखा स्वास्थ्य जाँच शिविर कार्यक्रम सम्पन्न गरिएको छ ! उक्त आँखा शिविरबाट वडा नं. १ मा ५० जना, वडा नं. २ मा ३३ जना, वडा नं. ३ मा ८८ जना, वडा नं. ४ मा ६४ जना, वडा नं. ५ मा ४५ जना र वडा नं. ६ मा ४१ जना गरि जम्मा ३२१ जनालाई आँखा स्वास्थ्य परिक्षण सेवा प्रदान गरिएको छ !! साथै उक्त शिविरबाट २९ जनाको मोतिविन्दुको शल्यक्रिया गर्नु पर्ने भएकोमा निःशुल्क मोतिविन्दु शल्यक्रियाको लागि यहि २०८० असोज ११ गते तिलगंगा शल्यक्रिया आँखा केन्द्र सिसहनियामा लगि गरिने भएको छ !!!







## गाउँपालिकाबाट भएका प्रशासनिक गतिविधिहरुः

- ३१ जना कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन सम्पन्न गरिएको ।
- गाउँपालिकामा कार्यरत ८३ जना करार कर्मचारीहरुको करार सम्झौता गरिएको ।
- सम्पत्ती विवरण अनलाईन ईन्ट्री सम्पन्न पश्चात मूख्यमन्त्री कार्यालयमा पेश गरिएको ।
- सुकुम्बासीहरुको सूचना प्रकाशन ।
- वडा स्तरीय वार्षिक समिक्षा कार्यक्रम सम्पन्न ।
- पालिका स्तरीय तथा वडा स्तरीय तिज गित प्रतियोगिता सम्पन्न ।
- वार्षिक कार्ययोजना निर्माण ।

**सम्पर्क नं:**

**अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)**

**उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)**

**प्रमुख प्रशासकीय अधिकृतः देविराम पाठक (९८५७८३६०२२)**

**सूचना अधिकारीःशिव राज न्यौपाने (९८४५४४०७७३)**

प्रकाशकः

सरुमारानी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बड्डाँडा,प्यूठान ।

facebook: https://www.facebook.com/SarumaraniGapa
website:sarumaranimun.gov.np
email:sarumarani2073@gmail.com
phone no:9857836022